# तुर्माखाँद गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.सी.द्धारा प्रस्तुत आर्थिक वर्ष

# २०८०/०८१ को नीति तथा कार्यक्रम

## तुर्माखाँद गाउँपालिका

गाउँ कार्यापालिकाको कार्याल

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश,नेपाल

*२०८० साल असार ९ गते*

www.turmakhadmun.gov.np

Email : ito.turmakhadmun@gmail.com

तुर्माखाँद गाउँपालिका

**सभासदज्यूहरु,**

तुर्माखाँद गाउँपालिकाको १३ औं गाउँ सभाका अध्क्षय ज्यू , प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु,सम्पूर्ण कर्मचारी मित्रहरु, सञ्चारकर्मी साथिहरु, प्रत्यक्ष प्रसारण सुनिरहनु भएका स्वदेश तथा विदेशमा रहनुहुने आम गाउँपालिकावासी आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरु,

**तुर्माखाँद गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

१. यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु।वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाब दिनुहुने राजनीतिक दलका प्रमुख एवंम प्रतिनिधिहरु,पूर्व जनप्रतिनिधिहरु ,स्थानिय सेवाका कर्मचारीहरु,संघसंस्थाका प्रमुख एवंम प्रतिनिधिहरु, शिक्षक , बुद्धिजिवि , नागरिक समाज ,सरोकारवालाहरु , सबै पेशा व्यवसायमा आबद्ध महानुभावज्यूहरु एवं सम्पूर्ण दाजुभाई तथा दिदीबहिनिहरु लागायत सबैमा हार्दीक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना ,नेपालको राष्ट्रिय हित , आर्थिक सामाजिक न्याय सहितको लोकतन्त्रिक मूल्य र मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रहदै सम्मुनत संघिय शासन प्रणालिको माध्यमबाट न्यायपूर्ण, विभेदरहित,समतामुलक, सबल र समृद्ध गाउँपालिकाको निर्माण गर्न, मुलुकको स्वतन्त्रता ,सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी पर्रिवर्तनका लागि पटक पटक भएका ऐतिहासिक जनआन्दोलन, स-शस्त्र संघर्ष, मधेस आन्दोलन लगायत अग्रगमनका लागि विभिन्न कालखण्डमा त्याग र बलिदान दिने ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. गत वर्ष वर्षातको समयमा हाम्रो गाउँपालिकाको वडा नं. ५ (नाडा ), वडा नं. २ (भुलु), वडा नं. ६ (रानीवन ), र वडा नं. ३ (भैरवस्थान) मा बाढी पहिरोमा परी अकालमा ज्यान गुमाउनु हुने सबैमा हार्दिक श्रद्धान्जलि अर्पण गर्दै उहाँहरुका आफन्त,परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

४. सुन्दर,सम्मुनत र समृद्ध गाउँपालिका निमार्ण गर्न हाम्रो संकल्प , सम्पुर्ण गाउँपालिकावासीको चाहाना , हामिले निर्वाचनका क्रममा सम्पूर्ण मतदाताहरु प्रति अभिव्यक्त गरेका वाचाहरु पूरा गर्ने दिशामा हामिले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई मुखरित गरेका छौं । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानियकरण गर्दै समग्र तुर्माखाँद गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघ , प्रदेश र स्थानिय सरकार सञ्चालन ऐन २०७४ द्धारा प्रदत्त हक अधिकारको प्रचलनमा रही तथा कानुनत: निर्देशित काम,कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौं ।

५. स्थानिय स्रोतको पहिचान र परिचालन गरी समावेशी सिद्धान्तका आधारमा आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न सरकारी निजि क्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ । गुणस्तरीय शिक्षाबाट नै समाजमा दिगो विकास र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने गाउँपालिकाको

तुर्माखाँद गाउँपालिका

स्पष्ट धारणा रहेको छ ।आन्तरिक सु-शासन र सवल  प्रशासनको  विकास, पालीका वासीको आर्थिक हैसियतमा  सुधार, कृषि ,स्वास्थ्य ,खानेपानी तथा सरसफाई सहित स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्दै पूर्वाधार, विकास, सामाजिक विकास, कलासंस्कृतीको संरक्षण, पर्यटन प्रवर्द्धन ,वन तथा वातावरण संरक्षण ,युवा परिचालन, वडा कार्यालयहरुको क्षमता विकास ,रोजगारी उद्यमशिलता,खेलकुद,विपद व्यवस्थापन,न्याय निरुपण,पिछडिएको वर्ग समुदाय, महिला, दलित, जनजाति, असहाय, फरक क्षमता भएका व्यक्ति, बालवालिका, मानवअधिकार प्रर्वद्धन  जस्ता विषयगत क्षेत्रहरुका लागि यो आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम निर्देशित रहेको छ ।

६. विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ माहामारीबाट प्रभावित भएको विश्व अर्थतन्त्र , पुनः रुस र युक्रेनको युद्धबाट प्रभावीत भएकोछ । यसबाट संघीय सरकारको राजस्व परिचालनमा प्रभाव पर्न  गई स्थानिय तहले  पाउनपर्ने वित्तिय हस्तान्तरणमा नकरात्मक असर परेको छ।नेपालले विगत केही वर्ष यता अल्प विकसित मुलुकबाट विकाससिल मुलुकको श्रेणीमा उल्कीनै लाग्दा हरेक दिन  दुई हजार भन्दा बढी युवाहरु  रोजगारीको खोजिमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाको  प्रभाव हाम्रो पालिकामा पनि रहेकाले यसले हामि सबैलाई गम्भीर बनाएको छ ।वाह्य बसाई-सराईका कारण गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तिरीत  हुदै छन ।उव्जाउसिल खेती वारी बाँझो हुन पुगेका छन, यस सन्दर्भमा युवालाई देश वा पालिका भित्र रोगारीको अवसर सिर्जना गर्ने र गाउँघरको  बसाईलाई आर्कषक बनाउने चुनौति  हामि सबैको साझा मुद्धा हुन पुगेको छ ।

७.यस विशिष्ट परिस्थितिमा  हामिले हाम्रो  आन्तरीक क्षेत्रलाई मजबुद बनाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध तुर्माखाँद , सुखी तुर्माखाँद वासिको मुल लक्ष्य हासिल गर्न हाम्रो  गाउँपालिकामा स्थानिय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था रहेको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सु-शासनको अनुभुति प्रत्याभुत गर्न गाउँपालिकाको क्षमता विकास गर्न आवश्यक रहेको छ ।यसका लागि भ्रष्टचारमा शुन्य सहनसिलताको नीति अवलम्बन गरि आर्थिक  मितव्यीता अपनाउनु पर्दछ ।

## *विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौति*

१. **विद्यमान  अवसरहरु:**

- संविधानतः अधिकार सम्पन्न स्थानिय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन , कानुन तर्जुमा , योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निमार्णका विविध विषयमा नीति ,कार्यक्रम तथा बजेट सञ्चालन गर्न अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सास्कृतीक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

२. **विधमान चुनौतीहरु** :

- निजामति सेवा ऐनको अभावमा स्थानिय कर्मचारी संगठन तथा व्यवस्थापन नहुँदा  सेवा प्रवाहमा समस्या
- कर्मचारी समायोजनमा कतै दरवन्दी भन्दा बढी ,कतै कम पठाइनुले कार्य सम्पादनमा समस्या।

- संघ ,प्रदेश र स्थानिय तह विच समन्वयको अभाव र काममा दोहोरोपना ।
- रोजगारोन्मुख एवं सिपमूलक शिक्षाको विकास गर्न स्रोतको अभाव हुनु।
- युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आर्कषित गर्न नसक्नु।
- वैदेशिक रोजगारीबाट फर्केका सिपयुक्त युवाको सिप तथा पूंजीलाई उद्यम विकासमा उपयोग गर्न नसक्नु।
- वैज्ञानिक जलवायु उत्थानशिल तथा व्यवहारीक एवं उपयुक्त भु.उपयोग योजना तर्जुमा गरी लागु गर्न नसक्नु।
- भिरालो ठाउँ,बाढी पहिरो तथा डुबान लगाएतका प्रकोपको उच्च जोखिम भएका वस्तिमा भवन निर्माण कार्यलाई रोक्न नसक्नु ।
- अव्यवस्थित वस्ती विस्तारको क्रम नरोकिनु तथा व्यवस्थित वस्ती विकास गर्न नसकिनु ।
- सडक लगायतका पुर्वाधारको उपयोग योजना डिजाइन तथा ड्रइङ्ग विना गरीनु ।सडक तथा अन्य पुर्वाधारका संरचना निमार्णको कार्यलाई रोक्नु ।

**३.नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु :**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागु गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु,सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ।विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो र आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं सार्थक जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ।

४. आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, कर्मचारीहरु ,सरकारी तथा गैरसरकारी क्षेत्र शिक्षक, बुद्धिजिवी, नागरिक समाज ,सरोकारवालाहरु, सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरु आम गाउँपालिका वासी दाजुभाई तथा दिदीबहिनिहरुको सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आव्हान गर्दछु ।

**सभासदज्यूहरु,**

सर्वप्रथम म गाउँपालिकाको आर्थिक वर्ष ०७९।०८० को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

**१. भौतिक पुर्वाधार विकास :**

- सडक : यस गाउँपालिकामा हाल सम्म कच्ची सडक १२ कि.मि. र पक्कि RCC १७० मि. सडक निर्माण भएको ।
- खानेपानी : “एक धारा एक घर” कार्यक्रम अन्तर्गत ४३२ वटा घरमा ४३२ वटा धारा सहित ९ वटा योजनाहरु निर्माण कार्य भएको ।

**२. सामाजिक विकास :**

- दश सैयाको अस्पताल निर्माणधिन अवस्थामा रहेको , भैरवस्थान स्वस्थ्य चौकि र नाडा स्वस्थ्य चौकिका भवन निर्माण कार्य सम्पन्न भएको र २ वटा गाउँघर किल्निकहरु निर्माण कार्य भएको र ८ वटा स्वास्थ्य संस्थामा Street Light जडान गरिएको ।
- चारकोठे विद्यालय भवन ४ वटा (कालिकेश्वरि , बसुन्धारा , सिद्धेश्वरी र नेरा आ.वि.) निर्माण कार्य सम्पन्न भएको।
- ६ कोठे विद्यालय भवन सुर्य मा.वि. भुलुमा निर्माणाधिन अवस्थामा रहेको ।
- १ देखि ८ वडासम्मका १२ वटा सामुदायिक विद्यालयमा २ कोठे भवन निर्माण कार्य सम्पन्न।
- बास्काडाँ खेलमैदान निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- तुर्माखाँद स्वस्थ्य चौंकीमा एक्सरे मेसिन जडान गरि सञ्चालनमा ल्याइएको ।
- गाउँपालिकाको प्रशासकीय भवनको DPR तयार गरि भवन निर्माणको कार्य सुरुवात गरिएको।
- १३ औं जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्डको आयोजना गरि ६ स्वर्ण,६ रजत र ५ काश्य सहित हाम्रो गाउँपालिका प्रथम स्थान हासिल गर्न सफल ।
- २ वटा एम्बुलेन्सहरुको खरिद प्रक्रिया सम्पन्न गरी यसै आ.व. भित्र सञ्चालनमा ल्याईनेछ।
- ५ वर्ष भित्र सबै वडामा बिजुली पुऱ्याउने लक्ष्यका साथ वडा नं. ७ र ८ मा बिजुली बत्ति जडान गरिएको र वडा नं. १, २ र ६ मा बिजुलीका पोलहरुको व्यवस्थापन गरिएको छ।

तुर्माखाँद गाउँपालिका

- आर्थिक मितब्ययिता,पारदर्शीता र सु-शासनको प्रत्याभुति दिन एउटै घरमा कार्यालय व्यवस्थापन गरी One Spot Delivery प्रणाली कायम गरी सेवा प्रवाहको थालनि गरिएकोछ।
- जग्गाको नापचाँज कार्यलाइ सरल र व्यवस्थित गर्न पालिकामा रहने गरी अमिनको व्यवस्थापन गरिएकोछ।
- सेवाग्राहिलाई मध्यनजर गर्दै सबै वडामा प्राविधिकहरु खटाई वडा तहको सेवालाई सहज बनाउन सबै वडामा थप जनशक्ति व्यवस्थापन गरिएको छ ।
- चालु आ.व.को विभिन्न मितिमा संचालन गरिएका निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरवाट ३९१० जना,आँखाको निःशुल्क मोतीयाबिन्दु शल्यक्रिया शिविरवाट ७११ जनामध्ये १०० जनाको मोतिविन्दुको सफल सल्यक्रिया हुनुका साथै वडा नं १ र २ मा नागरिकता घुम्ती शिविरवाट नागरिकता वितरण गरिएको छ ।
- काल्सैनि डाडाँमा मनोरञ्जन पार्क तथा पैदल मार्गको निर्माण कार्यको शुरुवात गरिएको छ।
- स्थानिय सरकार सञ्चालनमा सहयोगार्थ विभिन्न कार्यविधिहरु तथा आयोजना विकास निर्माण पुस्तिकाहरु निर्माण गरिएको छ।
- थप शिक्षक अनुदान कोटालाई व्यवस्थित गरी शिक्षक दरबन्दी मिलान गरिएको छ ।
- पालिकाका सबै वडाबाट माटो संकलन गरी माटोको नमुना परिक्षण कार्य सम्पन्न गरिएको छ।
- माध्यामिक शिक्षा (कक्षा १ देखि १० सम्म )सञ्चालित विद्यालयहरुमा विभिन्न बाहानामा लिईने सम्पुर्ण शुल्क पुर्णरुपमा बन्द गरिएकोछ र बालवालिकाहरुले निःशुल्क शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिएको छ ।
- बिन्द्रासैनी मा.वि. रहफलाई कक्षा ११ र १२ सञ्चालन अनुमति प्रदान गरिएकोछ ।
- तुर्माखाँद बहुमुखी क्याम्पस स्थापनाका लागि न्युनतम प्रक्रिया पुरा गरी सम्वन्धनको प्रक्रियामा रहेकोछ ।
- गाउँ शिक्षा समिति गठन गरी विद्यालय समायोजन, डाउन साईज र शिक्षक दरबन्दी मिलानको काम सम्पन्न गरी यसै शैक्षिक सत्रबाट लागु गरिएको छ। जस्मा ५ वटा आधारभुत विद्यालय र १० वटा बालविकास केन्द्र मर्ज गरिएको,३ वटा नि.मा.वि. र ६ वटा आ.वि. हरुलाई डाउन साईज गरिएको छ ।

**३. सु-शासन तथा स्थागत विकास :**

**सभासदज्यूहरु,**

*अब म तुर्माखाँद गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को विभिन्न विषयगत क्षेत्रगत नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दछु ।हाम्रो यस गाउँपालिकाको दीर्घकालिन सोच " शिक्षा, स्वास्थ्य , कृषि , रोजगार र जलाधार: सुखी जनता समृद्ध तुर्माखाँदको आधार "(सुशासन, समृद्धि र समाजवादको आधार : शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधार ) रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ ।*

## १। सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क। शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम (१-८)तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ साथै पाठ्यपुस्तक समेत निर्माण गरी क्रमश लागु गरिनेछ।

४. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

८. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१०. सबै माधायमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

११. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१२. विद्यालयहरुको शैक्षिक गुणस्तर मापदण्ड तयार गर्न विद्यालय कार्यसम्पादन स्वमुल्यांकन परीक्षण मार्फत विद्यालयको तहगत रुपमा स्तरीकरण गरिने छ ।

१३. उच्च शिक्षाको सजिलै पहुँचका लागि तुर्माखाँद गाउँपालिकाको केन्द्रमा क्याम्पस स्थापना गरिनेछ र माध्यमिक विद्यालयहरुको आवश्यकता अध्ययन गरी कक्षा थप गर्ने नीति अवलम्बन गरिनेछ।

१४. पालिका भित्रको स्थानीय सामाजिक, साँस्कृतिक, वातावरणीय, कृषि, शिक्षा, पर्यटन लगायतका विषयवस्तुमा अध्ययन अनुसन्धानमा एम.फिल र पी.एच.डी.गर्ने विद्यार्थी र अन्य अनुसन्धान कर्तालाई विशेष प्रोत्साहन गरिनेछ।

१५. तुर्माखाँद गाउपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा अध्ययनका लागि जेहेन्दार, गरीब विद्यार्थीलाई उच्च, प्राविधिक शिक्षा तथा एम.बि.बि.एस. अध्ययनको लागि निश्चित कोटा निर्धारण गरी क्रमागत रुपमा बार्षिक छात्रवृत्तिको व्यवस्था गरिने छ।

१६. "एक विद्यालय एक महिला तथा दलित शिक्षक" को व्यवस्था गरिने छ ।

१७. व्यवहारिक शिक्षाका लागि अवलोकन तथा शैंक्षिक भ्रमण गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।
१८. गाउँपालिकामा एक सार्वजनिक पुस्तकालय तथा अध्ययन अनुसन्धान केन्द्र स्थापना गरिनेछ।
१९. गाउँपालिका भित्रका विद्यालयहरुको राम्रा अभ्यास आदानप्रदान गर्ने स्थलगत अवलोकन भ्रमण, शैक्षिक प्रर्दशनी तथा शैक्षिक सम्मेलनको आयोजना गरिने छ ।
२०. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप विकास, शिक्षण कला,क्षमता विकास र असल अभ्यास शिक्षण आदान प्रदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२१. प्रस्तावनाका आधारमा प्रधानाध्यपक नियुक्त गरिनेछ ।हरेक ५ वर्षमा प्रधानाध्यपक परिर्वतन गर्ने नीति लिइनेछ ।
२२. “एक वडा एक नमुना विद्यालय तथा एक नमुना बालविकास केन्द्र”को अवधारणालाई कार्यान्वयन गरिनेछ।
२३. प्रथम चरणमा प्रत्येक माध्यमिक विद्यालयहरुमा इन्टरनेट जडान गरी ई—हाजिरी व्यवस्थापन गर्दै क्रमश सबै विद्यालयहरुमा लागु गरिनेछ ।
२४. सबै विद्यालयम एक ल्याब, एक पुस्तकालय, एक बगैचा अनिवार्य व्यवस्थापन गरिनेछ ।
२५. शिक्षाको गुणस्तर अभिवृद्धीका लागि विभिन्न क्षमतामूलक कार्यक्रम मार्फत प्रधानाध्यापक,शिक्षक र विद्यालय कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।
२६. तुर्माखाँद गाउँपालिकाका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।सबै विद्यालयहरुलाई पर्याप्त पूर्वाधारसहितको सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गरिनेछ । विद्यालयमा खानेपानी, शौचालय, खेलमैदान, घेराबार, खेलकुद जस्ता शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
२७. “बालबालीकालाई नियमित विद्यालय पठाँऔ, शिक्षाको गुणस्तर बढाऔं” भन्ने मुलनाराका साथ अभिभावाक शिक्षा दिईनेछ।तुर्माखाँद गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालवालिकालाई विद्यालयमा भर्नागरी आगामी वर्ष भित्र शिक्षामा सबैको पहूँच सुनिश्चित गरिनेछ, विद्यालय बाहीर रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित गरी विद्यालयको पहुँचमा ल्याईनेछ ।
२८. सामुदायिक विद्यालयप्रतिको अपनत्व अभिबृद्धि गर्न गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली निर्माण गरी शैक्षिक नीतिगत समस्यालाई समाधानमा सहजता बनाईने छ। माध्यमिक तहको शिक्षण सिकाई प्रक्रियालाई सहज र प्रभावकारी बनाईनेछ ।
२९. आगामी ५ वर्ष भित्र सम्पूर्ण विद्यालयमा विद्युत बिस्तार गरिनेछ ।
३०. सामुदायिक विद्यालयको नक्सांकन गरी विद्यालय समायोजन, दरबन्दी मिलान , डाउन साईज, अपग्रेडका आधारमा कक्षा सञ्चालन तथा अनुमति प्रदान गरी थप व्यवस्थित वनाउदै लगिनेछ।
३१. “हाम्रो विद्यालयः हाम्रो जिम्मेवारी” भन्ने भावना जागृत गर्न शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकबीच अन्तर संवादको व्यवस्था मिलाईनेछ।
३२. दिवाखाजा कार्यक्रमलाई व्यवस्थित गर्न स्थानीय उत्पादनको उपयोगलाई प्राथमिकता दिईनेछ। दिवा खाजा क्रमशः कक्षा ८ सम्म विस्तार गर्ने लक्ष्यका साथ यसै आर्थिक वर्षमा कक्षा ७ सम्म विस्तार गरिनेछ ।
३३. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा प्र.अ.लाई पुरस्कृत गरी पेशा प्रतिको आत्मविश्वास र राम्रो कार्यको उचित मुल्याङ्कन गरिनेछ ।
३४. गाउँपालिकामा सञ्चालित प्राविधिक धारको शिक्षाको गुणस्तर वृद्धी गर्न आवश्यक पहल गरिनेछ।

३५. शिक्षा नियमावलीले तोकेअनुसार तहगतरुपमा न्यूनतम शिक्षक दरबन्दी पूर्ति हुने गरी गाउँपालिका अनुदानका शिक्षक थप गरी शिक्षकको अभाव पूर्ति गरिनेछ र गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत बालविकास, विद्यालय सहायक कर्मचारी तथा सहयोगी कर्मचारीहरुको र गाउँपालिका अनुदानका शिक्षकको तलब र भत्ता यथोचित वृद्धी गरिनेछ।

३६. विद्यालयमा अध्ययनरत किशोरीहरुका लागि हाईजेनिक स्यानिटरी प्याड वितरण तथा सरसफाई व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

३७. आगामी पाँच वर्ष भित्र "एक माध्यमिक विद्यालय एक नर्स" कार्यक्रम सञ्चालन गरिनेछ। यसै वर्ष देखि कक्षा १२ सञ्चालन रहेका ३ वटा माध्यमिक विद्यालयमा कार्यक्रम लागु गरिनेछ।

३८. आ.वि. लाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउन लागत साझेदारीमा "एक विद्यालय एक ल्यापटप" वितरण गरिनेछ।

३९. विद्यालयलाइ अंग्रेजी माध्यममा शिक्षण सिकाइ सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

४०. प्रत्येक विद्यालयमा आवश्यक्ताका आधारमा खेलकुद, सास्कृतिक र शैक्षिक सामाग्रीहरु प्रदान गरिनेछ ।

४१. विध्यार्थिहरुलाई स्वस्थ, नैतिक र चरित्रवान बनाउन नैतिक तथा योग शिक्षाको अवधारणा ल्याई प्रत्येक विद्यालयमा क्रशस कार्यान्वयन गरिनेछ ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातिय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले साहित्य महोत्सव आयोजना गरिनेछ ।

४. पालिका भित्र मनाइने जात्रा, पर्व,मेला ,पुजा,परम्परागत जीवनशैली, देउडागीत,ठाडीभाका, मारुनी नाँच, हुड्केउली,पञ्चेबाजा,रत्यौली एवं अन्य साहित्यिक तथा साँस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी तुर्माखाँद गाउँपालिकाको साँस्कृतिक प्रोफाइल तयार गरी प्रकाशित गरिनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. आगामि पाँच बर्ष भित्र गाउँपालिका क्षेत्रमा "एक वडा एक खेलकुद मैदान" को नीति अनुरुप प्रत्येक वडामा खेलकुद मैदान निर्माण तथा मर्मत सम्भार गरिनेछ र राँगाजुझेखाल विन्कान्ना, बाँसकाडामा निर्माणाधिन गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नति गरिनेछ ।

२. "स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद" अभियानका साथमा गाउँपालिका स्तरीय "अध्यक्ष कप खेलकुद प्रतियोगिता" सञ्चालन गरिनेछ र विषयगत खेल पुरस्कार राशिहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लगिनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ।

तुर्माखाँद गाउँपालिका

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ र सिप विकास तालिमहरु सञ्चालन गरिनेछ।

६. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

७. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

८. प्रशिक्षणका माध्यमबाट खेलाडीको वृत्ति विकास, क्षमता अभिवृद्धी र उत्प्रेरणा वृद्धी गरिनेछ । स्थानीय तहबाट जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडीलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ ।

९. युवाहरुलाई सक्षम, स्वालम्बी, अनुशासित, नैतिकवान, बनाउनका लागि युवा क्लब, बाल क्लब, स्काउट, रेडक्रस मार्फत युवा परिचालित गरी पालिका युवा विकास समिति गठन गरी कार्यान्वियन गरिनेछ ।

**घ। लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, दलित,अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

२. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

३. विकासका कार्यक्रमहरुमा टोल विकास समिति गठन तथा उपभोक्ता समिति दर्ता मार्फत नियमित कामहरु अघि बढाइनेछ ।

४. “हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान” अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

५. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

६. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

७. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

८. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

९. गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

१०. महिला, दलित, अल्पसंख्यक समुदायलाई सीपमुलक, रोजगारमुलक तालिम दिइ आयआर्जनका क्रियाकलापमा सहभागी गराइनेछ। महिलाले सञ्चालन गर्ने व्यवसायका लागि प्रोत्साहन गरिनेछ।

नमोबुद्ध गाउँपालिका

११. महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी साक्षरता, शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत सञ्चालन गरिनेछ ।
१२. टुहुरा बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. फरक क्षमता भएका व्यक्तिमैत्री पूर्वाधार विकास गरिनेछ । पालिकाभित्रमा ग र घ वर्गका फरक क्षमता भएका(अपाङ्गता)व्यक्तिहरुलाई अध्यक्ष सङ्ग अपाङ्ग समाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१४. पालिकामा कार्यविधि बनाई बाल संरक्षण कोषको व्यवस्था गरिनेछ र बालमैत्री स्थानीय शासन विकास गरिने छ ।
१५. छोरीलाई छोरा सरह अवसर एवं सम्पति दिने घर परिवारलाइ उचित सम्मान गरिनेछ।
१६. सामाजिक सुरक्षा भत्ता लिन नचाहने लाभग्राही नागरिकलाई सार्वजनिक रुपमा सम्मान गरिनेछ।
१७. दलित, महिला, जनजाति फरक क्षमता भएका यूवाहरुका लागि उपयुक्त लक्षित कार्यक्रम लागू गरिनेछ।
१८. महिला,बालवालिका तथा फरक क्षमता भएका व्यक्तिरुलाई शसक्तिकरण तथा मूलप्रवाहिकरण गर्न कार्यविधि निर्माण गरी हेल्प डेस्क स्थापना गरी कार्यान्वयन गरिनेछ ।
१९. बालवालिका तथा किशोर किशोरीहरुलाई अनलाइन शिक्षा सम्बन्धी कार्यक्रम वनाई लागु गरिनेछ ।
२०. गर्भवति तथा सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रम लागु गरिनेछ ।
२१. दलितहरुलाइ शसक्तीकरण गर्न दलित अधिकार हेल्प डेस्क स्थापना गरी कार्यविधी बनाई लागु गरिनेछ।
२२. पालिका भित्र रहेका बालक्लव युवाक्लव महिला सञ्जाल र आमासमुहहरुले वार्षिक रुपमा गरेका गतिविधिका आधारमा निश्चित मापदण्डका आधारमा वार्षिक कामकारबाहीहरुको समिक्षा गरि सर्वोउत्कृष्ठ समुहलाई पुरस्कृत गरिनेछ।

## २.स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाको सबै क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, आधारभुत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित वनाइनेछ ।
२. "बुढेशकालको सहारा अध्यक्षको नारा" भन्ने हेतुले ६० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, अशक्त तथा फरक क्षमता भएका नागरिकहरुका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ।दिर्ग रोगबाट पिडित भएका व्यक्तिहरुको लगत संकलन गरी निःशुल्क रुपमा औषधि वितरणको व्यवस्था मिलाइनेछ।
३. पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्दै सबै स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लगिनेछ।संस्थागत सुत्केरी तथा सुपोषण पालिका बनाउनको लागि पालिका पोषण कोशेली कार्यक्रम लागु गरिनेछ।
४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनको लागि प्रत्येक मा वि विद्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै विद्यार्थिहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
५. बर्थिङ्ग सेन्टर र स्वास्थ किलनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

नमोबुद्ध गाउँपालिका

६. घरमा हुने सुत्केरीलाई शुन्यमा झार्ने नीति लिइनेछ। घरभेट सुत्केरी जाँचलाई सुधार गरिदै लगिने छ।

७. संस्थागत सुत्केरी बढाउन तथा गर्भवती जाँच सेवालाई सुधारको लागि सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मोवाइल एप्स सम्बन्धि तालिम सञ्चालन गरिनेछ। सबै बर्थिङ्ग सेन्टरमा दुई दुई जना दक्ष प्रसुतीकर्मीको व्यवस्था गरिनेछ। सबै गर्भवती महिलाहरुलाई निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराईने छ।

८. आर्थिक रुपमा अति विपन्न नागरिकको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

९. अर्गानिक खेतिको विकास र विस्तारका लागि तरकारी तथा खाद्यान्नमा विषादिको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

१०. "स्वमसेविका संग उपाध्यक्ष" कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवा प्रवाह क्षमतालाई अभिवृद्धि गरिनेछ ।

११. निजी स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने सेवालाई प्रभावकारी वनाउन अनुगमन तथा नियमन संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२. स्वास्थ चौकीहरुमा प्रयोगशाला सेवा सञ्चालन विस्तार गरिदै लगिनेछ।

१३. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न भौतिक पूवाधार निर्माण, स्वास्थ्य संस्थाको स्तरोन्नती गरिनेछ।

१४. प्रत्येक घरधुरीका लागि अनिवार्य स्वास्थ्य बिमा कार्यक्रमलागुगरिनेछ। पिछडिएका, गरिब, असाहाय, सिमान्तकृत, लोपोन्मुख लगाएतका लक्षित वर्गलाइ निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

१५. अन्तर पालिका साझेदारीमा विशेषज्ञ सेवा सहित पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१६. महिला स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य सुधारमा पु-याउनु भएको योगदानको कदर गर्दै उचति प्रोत्साहन सहति सम्मानको व्यवस्था गरिनेछ ।

१७. आकस्मिक सेवा सञ्चालन गर्नका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ। आगामि पाँच बर्ष भित्र "एक वडा एक हेली प्याड" बनाउने नीति लिइनेछ ।

१८. आयुर्वेद उपचार पद्धतिलाई व्यवस्थित गर्न स्थानीय जडिबुटी उत्खनन्, सङ्कलन तथा प्रशोधन गरिनेछ । योग शिक्षाका लागि योग ध्यानकेन्द्र स्थापना गरिनेछ ।

१९. गाउँपालिकाको केन्द्रमा १० सैयाको अस्पताललाई सुविधा सम्पन्न अस्पताल निर्माण गरी MBBS चिकित्सको व्यवस्था सहित २० सैयाको अस्पताल बनाउन सम्भाव्यता अध्ययन गरीनेछ । साथै पालिका भित्र सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरुको स्तरोन्ती गरिनेछ ।

२०. गम्भिर प्रकारका रोग तथा दीर्घरोगबाट संक्रमित व्यक्तिहरुका लागि आवश्यक कार्यविधि तयार गरी औषधोपचारका लागि अनुदान दिइनेछ ।

२१. सार्वजनिक तथा सरकारी कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

२२. महिला स्वास्थ्य स्वयंसेविका तथा सुत्केरी महिलाहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

२३. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको क्षमता विकासका लागि मागमा आधारित तालिमको व्यवस्था गरीनेछ।

२४. गुणस्तरिय स्वास्थ्य सेवाका लागि टेलि मेडिसिन प्रबिधिबाट मासिक रुपमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२५. खोप सेवालाई सुदृढ र व्यवस्थित गर्नको लागि सबै स्वास्थ्य संस्थाहरुमा फ्रिजको व्यवस्थापन गरी सञ्चालनमा ल्याइनेछ।

२६. उत्तर प्रसुती सेवा सुधार गर्नको लागि घरदैलो सेवालाई थप सुदृढ वनाईनेछ ।

२७. पोषण मैत्री स्थानिय शासन अवलम्बन गरिनुका साथै सिघ्र कुपोषणका बालवालिका तथा गर्भवति महिलाहरुको तथ्याङ्क सङ्कलन गरी उचित व्यवस्थापन गरिनेछ ।

२८. बुहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौंलो हजार दिनका आमाहरुलाई पोषण कोशेली प्रदान गरिनेछ।

२९. दिगो पोषण सुधार तुर्माखाँदको मुल आधारको लागि "एक घर एक करेसाबारी-बार्है महिना हरियो तरकारी " कार्यक्रम लागु गरिनेछ ।

३०. महिलाहरुमा हुने महिनावारी व्यवस्थापनको लागि स्यानिटरी प्याड बनाउने तालिमको व्यवस्था गरिनेछ। बाल विवाह न्यूनिकरणका लागि माद्यामिक तहमा अध्ययनरत विद्यार्थिहरुलाई सचेतनामुलक क्रियाकलाप सञ्चालन गरिने छ।

२३. स्वास्थ्य संस्थाहरुमा नियमित खानेपानीको उपलब्धताको व्यवस्था मिलाइनेछ।

२४. व्यवस्थित महिनावारी सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु संचालन गरीनेछ ।

## ३.आर्थिक नीतिः

### क.उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका स्थित उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिक ग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ। गाउँपालिकाका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रमा रात्रीकालिन बजारको सुरुवात गरिनेछ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

७. विभिन्न जातजातिको मौलिक परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

८. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनलाई वढावा दिन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

नमोबुद्ध गाउँपालिका

९. तुर्माखाँद कालसैनी सामुदायिक वनको डाँडालाई धार्मिक तथा साँस्कृतिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ ।

१०. कर्णाली नदीको जंगलघाट, तुल्ता, असारा क्षेत्रलाई आधुनिक जल पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।

११. तितौडा, शिवगुफा (पाणागडा तोल्ली), बागेश्वरी (नाडा), त्रिवेणीधाम लोडे, भनथान मालिकाडाडा आमीकोटलाई धार्मिक पर्यटकीय क्षेत्रकारुपमा, नौखम्म, जुम्लीपडा, कैलुपाइला (तोषी) रहफको मालिका र देवल,धमालीको देवल,सितापाईला रहफ,ढुङ्गेकृष्ण रानिवन,गाईपाइला रानिवन,कैलुपाइला र हुँम गर्ने डाडाँ लकान्द्र लगायतका क्षेत्रलाई पुरातात्विक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्दै पर्यटकीय गन्तव्यकारुपमा विकास गरिनेछ ।

१२. स्थानीय स्तरमा पाइने विभिन्न प्रजातिका जीवजन्तुको संरक्षण, पर्यटकीय महत्व र खोज तथा अनुसन्धानका लागि एक चिडियाखानाको सम्भाव्यता अध्ययन गरिनेछ ।

१३. वगलदेव क्षेत्रमा पिकनिक स्पोटका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१४. पालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, गुफा,शिला,देवल आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ ।

## ख.कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. यस तुर्माखाँद गाउँपालिकामा पर्याप्त बनजंगल भएकोले कृषि पशुपन्क्षी पालनका लागि महत्वपुर्ण क्षेत्र मानिन्छ यहाँ अधिकाँस जनसंख्या कृषि पेशमा आत्मनिर्भर रहि आफ्नो जिबिकोपार्जन गरिरहेका छन। स्थानिय भैसीहरुमा जातिय सुधार गरि दुध उत्पादन बढाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिने छ ।

२. **"बैङक छ घरमा नगद जम्मा"** भन्ने मुल नाराका साथ बाख्रालाई घरेलु बैङ्कको रुपमा बिकास गरि आर्थिक उपार्जन गर्न बाखा पकेट बिकास कार्यक्रम लाई संचालन गरि रोजगारी सृजना गरिनेछ।

३. नेपाल भर लगायत यस तुर्माखाँद गाउँपालिका मा पशुबस्तुमा महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि आकस्मिक पशु उपचार कोष स्थापना गरि उपचार कार्य संचालन गरि सबै वडाबाट सेवा संचालन गरि पशुपन्क्षी उपचार प्रणालीलाई नियमित र ब्यबस्थित बनाईने छ ।

४. उपचार सेवालाई प्रभावकारी बनाउन **"घरदैलोमा प्राबिधिक सेवा उत्पादनमा टेवा"** भन्ने मुल नाराका साथ कृषिप्रसार सेवाको पहुचलाई कृषक घरदैलो स्तर सेवा पुह्याउन पशुपन्क्षी उत्पादनमा देखा पर्ने प्राबिधिक समस्याको समाधान गर्न वडा स्तरमा एक वडा एक प्राबिधिक कर्मचारी भर्ना गरि परिचालन गरिने छ ।

५. कुकुर बाट मानिसमा सर्ने प्राणघातक रोगको जोखिमलाई न्यूनिकरण गर्न सबै वडामा रेबिज खोप अभियान कार्यक्रम संचालन गरिनेछ जस्ले गर्दा रेबिज रोगको संक्रमण दर घट्दै गएको छ भने संघ प्रदेश र स्थानिय तहको सहकार्यमा गाई,भैसी तथा बाख्राहरुमा खोरेत भ्यागुते PPR खोप पहल गरि संचालन गरिने छ ।

६. **"गरौ ब्यबसायिक पशुपन्क्षी र कृषि यसैबाट सुरु हुन्छ तुर्माखाँदको समृद्धी"** भन्ने मुल नाराका साथ कृषि बिकास रणनिति अनुरुप प्रदेश तथा स्थानिय सरकारको सहकार्यमा पशुपन्क्षी खोर गोठ सुधार गर्न कार्यक्रम संचालन गरिनेछ ।

७. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी सम्भाबित स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

८। रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइने छ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा स्थानीय खाना उपलब्ध गराइनेछ।

९। गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधार निर्माण गरिनेछ।

१०। मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

११। तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

१२. जमिन बाँझो राख्न नपाउने नीति बनाइ बाँझो जमिनमा खेति गर्न प्रोत्साहन गरी अनुदानको व्यवस्था मिलाईनेछ ।

१३. प्रत्येक घरघरमा करेसावारीको निर्माण गरिनेछ ।

१४. टिमुर खेति बिस्तारको लागि सम्भाव्यता अध्ययन सँगै पकेट क्षेत्रको निर्धारण गरी उचित अनुदानको व्यवस्था मिलाइनेछ ।

१५. माटो परीक्षण शिविर सञ्चालन गरी माटोको स्वरुप एवं गुणस्तर अनुकुल उपयुक्त बाली लगाउन प्रोत्साहन गरिनेछ ।

१६. स्थानीय कृषि उपजको विक्रि वितरणका लागि कृषि हाटबजार, खरिदकेन्द्र, शित गृह स्थापनासँगै बजार मुल्य निर्धारण गरिनेछ ।

१७. कृषि तथा पशु बिमाका लागि नीति बनाइ कार्यान्वयन गरिनेछ ।

१८. पालिका र वडा तहमा कृषि तथा पशुपंक्षी विशेषज्ञ तथा प्राविधिकहरुको व्यवस्था सहितको शाखा स्थापना गरिनेछ ।

१९. एक गाउँ एक कृषि प्राविधिकको नीति अबलम्बन गरिनेछ ।

२०. मासु पसल सुधार तथा दुध डेरी स्थापनाका लागि कृषकहरुलाइ प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. एक वडा एक उत्पादन कार्यक्रम लागू गरी औचित्यका आधारमा भैसीं, बाखा, बंगुर तथा माछा पालन सम्बन्धि कार्यक्रम सञ्चालन गरीनेछ ।

२२. तुर्माखाँद गाउँपालिकामा बाख्रा स्रोत केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । गाउँपालिका भित्र उन्नत जातको घाँसहरु रोपण तथा कृषकलाइ उचित अनुदानको व्यवस्था गरिनेछ ।

२३. तुर्माखाँद गाउँपालिका भित्रका कृषकहरुको सफ्टवेयरको माध्यमबाट लगत संकलन गरी वास्तविक किसान पहिचान गरी कृषक परीचयपत्र वितरण गरीनेछ ।

२४. तुर्माखाँद गाउँपालिकाको बगलदेउ, नथखोला, बाँसकाँडामा मत्स्यजातको रेन्बो ट्राउट माछा पालनको सम्भाव्यता अध्ययन गरिनेछ ।

२५. पशुजन्य रोग पहिचान तथा रोग फैलन नदिन रोग नियन्त्रण तथा रोकथामका लागि नमुना संकलन गरी परीक्षण गर्न पशुपंछि रोग अन्वेषण प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ ।

२६. वडा नं २ भुलु, वडा नं ६ रानीवन, वडा नं ५ नाडा र वडा नं ७ तोषीमा विषेशज्ञ सेवा सहितको पशु स्वास्थ्य शिविर सञ्चालन गरीनेछ।

२७. गाउँपालिकाको सबै वडाहरुमा गठन भै दर्ता भएका कृषक समुहको साझेदारीमा उन्नतजातका मुर्रा राँगा, बोका वितरण गरिनेछ ।

२८. कृषि, वन, तथा पर्यटन क्षेत्रविकास कार्यक्रमको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

२९. आलु ,सुन्तला, लिचि लगायतका अन्य फलफुलको पकेट क्षेत्र विकासका लागि संभाव्यता अध्ययन गरी तरकारी तथा फलफुल पकेट क्षेत्र विकास गरी कार्यान्वयन गरिनेछ ।

३०. भर्मी कम्पोष्टको अवधारणा वमोजिम प्राङ्गगारिक मल वनाई उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

३१. एभोकाडो, Dragon Fruit, किवि जस्ता विभिन्न जातका फलफुलको विउ खरिद एवं नर्सरी स्थापना गरी कृषकलाई वितरण गरिनेछ ।

## ग. सहकारी, गरिबी निवारण ,रोजगार तथा लघु उद्यम सम्बन्धी निती

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

४. यस तुर्माखाँद गाउँपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ।

५. यस स्थानिय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

६. सहकारी सस्थालाई प्रविधि मैत्री बनाई सहकारीको प्रवर्द्धन र नियमन गरि आर्थिक विकासमा सहकारीको भुमिकालाई विशेष जोड दिईने छ ।

७. गाउँपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरी सञ्चालन गरिनेछ ।

८. गाउँपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार तथा सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा On the job Training को व्यवस्था गरिनेछ ।

९. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखिकरण लगाएतका अन्य वैदेशिक रोजगार सँग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ ।

१०. विभिन्न तालिम प्रदायक संघ संस्था, शाखा कार्यालयहरु तथा वडा कार्यालयहरु मार्फत भएका तालिमहरुको तथ्याङ्क अध्यावधिक गरी उक्त तालिमबाट भए गरेका उपलब्धिहरु सँग सम्बन्धित स्वरोजगार तथा रोजगारी चित्रण गरिनेछ ।

११. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन यस सँग सम्बन्धित विभिन्न अभिमुखिकरण लगाएतका कार्यक्रम गरिनेछ ।

१२. गरिब परिवारको वास्तविक पहिचान गर्न गरिब तथ्यांक संकलन गरिनेछ र ती परिवारका एक सदस्यलाई न्युनतम ६ महिना रोजगारी सिर्जना गरिनेछ ।

१३. "युवासँग सरकार, हुने छैनन् बेरोजगार" अभियानलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा युवा रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई श्रमप्रधान आयोजना मार्फत् न्यूनतम रोजगारी सुनिश्चित गरिनेछ। कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माणसँगै सामाजिक सुरक्षाको प्रत्याभूति गराइनेछ ।

१५. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिई उत्पादनमूलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।

१६. आन्तरिक रोजगारी तथा स्वरोजगारीका अवसर तथा सम्भावनालाई दीगो बनाउन रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवा उपलब्ध गराइनेछ ।

१७. गाउपालिका भित्र सञ्चालन गरिने विभिन्न किसिमका सीपमूलक तालिमहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ। बजारको मागमा आधारित सीपमूलक तालिम र कार्यस्थलमा आधारित तालिम (on the job training) को व्यवस्था गरिनेछ ।

१८. स्थानीय स्तरमा रोजगारीका अवसर तथा सम्भावनाहरुको खोजी गर्नका लागि रोजगार सम्वाद मञ्चलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१९. रोजगार सेवा केन्द्रबाट आन्तरिक तथा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिका लागि परामर्श सेवा तथा रोजगार सहायता सेवा उपलब्ध गराइनेछ ।

२०. यस तुर्माखाँद गाउँपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।

२१. यस स्थानिय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

२२. गाउँपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरि सञ्चालन गरिनेछ ।

२३. गाउँपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार बनाउन सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा On the Job Training को व्यवस्था गरिनेछ।

२४. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखिकरण लगाएतका अन्य वैदेशिक रोजगार सँग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ ।

२५. विभिन्न तालिम प्रदायक संघ संस्था, शाखा कार्यालयहरु तथा वडा कार्यालयहरु मार्फत भएका तालिमहरुको तथ्याङ्क अध्यावधिक गर्ने तथा उक्त तालिमहरुबाट भए गरेका उपलब्धिहरु सँग सम्बन्धित स्वरोजगार तथा रोजगारी चित्रण गरिनेछ ।

२६. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन यस सँग सम्बन्धित विभिन्न अभिमुखिकरण लगाएतका कार्यक्रम गरिनेछ ।

२७. खेती योग्य बाझो जमिनमा उत्पादन गर्न जग्गाधनी र व्यवसायी बीच सहजीकरण गरी बाँझो जग्गा प्रयोग गर्ने किसानलाई प्रोत्साहन गरिनेछ ।

२८. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग स्थापना गरी स्वरोजगार

तुर्माखाँद गाउँपालिका

२९. सिर्जना गर्ने व्यक्तिलाई सहुलियतमा ऋण उपलब्ध गराउन पहल गरीनेछ ।
३०. तुर्माखाँद गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन सुरु गरिनेछ।
३१. एक वडा एक कृषि सहकारीको व्यवस्था गरिनेछ ।
३२. गाउँपालिका स्तरीय कृषि सहकारी स्थापना गरिनेछ ।
३३. पालिका अन्तर्गतका सहकारीको अवस्था अध्ययन गरी आवश्यकता अनुसार सहकारी मर्ज गरिनेछ ।
३४. नेपाल सरकारले प्रचलित कानून बमोजिम स्थानीय सरकारलाई हस्तान्तरीत विभिन्न वितिय तथा सहकारी संघसंस्थाहरुको अनुगमन तथा नियमन कार्य योजना बनाई लागु गरिनेछ ।
३५. गरीवि निवारणका लागि लघु उद्यमविकास कार्यक्रमलाई नीति तथा निर्देशिका बमोजिम लागु गरिनेछ ।
३६. यस पालिकाको क्षेत्र भित्र दर्ता भएका सहकारीको प्रर्वद्धन विकासको साथै प्रभावकारी नियमनको सुनिस्चितता गरिने छ ।
३७. सहकारीहरु एक आपसमा एकिरण गर्न प्रोत्तसान गर्ने नीति अघि बढाइने छ ।
३८. दर्ता भएका तर संञ्चालनमा नरहेका सहकारीलाई संञ्चालनको लागि पहल गर्ने संञ्चालनमा आउन नसक्ने अवस्थाहरुको हकमा सहकारी ऐन बमोजिम खारेजी गर्ने नीति अबलम्बन गरिनेछ ।
३९. सहकारी मार्फत सामुहिक उत्पादनमा विशेष जोड दिइने छ ।
४०. सहकारीलेका सदस्यहरुले उत्पादन गरेको उपजहरुको बजारीकरणमा सहजिकरण गरिने छ।
४१. "आर्थिक समृद्धिको आधार लघु उद्यम मार्फत रोजगार" भन्ने मुल नाराका साथ लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।
४२. पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत तुर्माखाँद गाउँपालिकामा रहेका उ.मा.वि.कक्षा ११ र१२ मा अध्यानरत विधार्थिहरुलाई उद्यमशिलता सम्बन्धी उत्प्रेरणा जगाउन उद्यमशिलता विकास तालिम प्रदान गरिनेछ ।
२५. उद्योग दिवसको अवसरमा उद्यमि व्यवसायीहरुलाई उत्प्रेरणा तथा सम्मान कार्यक्रम संचालन गरिनेछ ।
२६. परम्परागत लोप हुन लागेका सीपहरु जस्तै आरन,हाते सिलाई बुनाई,काठका भाँडाकुडा,माटाका भाँडाकुडा, बाँस, पराल,अल्लो,मोथो,सनपाट,अमला, भिमल प्रशोधन लगायतका सामग्री,विभिन्न बाजा बनाउने र वजाउने सीपको संरक्षण र प्रर्वद्धन गर्ने नीति बनाइनेछ ।
२७. एकल महिलाहरुका लागि उपाध्यक्ष कार्यक्रम अन्तर्गत उद्यमशिलताका कार्यक्रम र तालिमहरुको आव्हान गरी उनीहरुको व्यक्तिगत क्षमतालाई अभिवृद्धीगरी रोजगारका क्रियाकलापमा प्राथमिकता दिईनेछ।

## ४.सूचना तथा संचार प्रविधि सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिका सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. स्थानीय अनलाइन तथा युटुव सञ्चालन गरिनेछ ।
३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

समर्थित

५. पालिकाको कार्यलय र वडा कार्यलयहरुका सबै आन्तरिक तथा सार्वजनिक सेवा प्रवाहका कामकारवाहीलाई व्यवस्थित गर्नको लागि पुरानोलाई निरन्तरता दिइ आवश्यक नयाँ सफ्टवेय र मोबाइल एप्सहरु निमार्ण तथा खरिद गरि सूचना मैत्री बनाउदै लैजाने कार्यलाई निरन्तरता दिइनेछ ।

६. पालिका कार्यालय , वडा कार्यालय ,मा.वि . विद्यालय र स्वास्थ्य संस्थाहरुमा कार्मचारिहरुको उपस्थिति रिर्पोट राख्नका लागि संस्थामा इ-हाजिरिको व्यवस्था गरिनेछ ।

७. पालिकाको आफ्नै सर्भर स्थापना गरी अझै पालिकाको कामकारवाही र सुचनालाई व्यवस्थित गरिनेछ ।

८. सबै समुदायिक मा.वि विद्यालयहरुमा इन्टरनेट जडान गरिनेछ ।

९. Ntfiber ,mobile network ,4G , and telephone सेवाको विस्तारकालागि नेपाल टेलिकम र नेपाल दुरसञ्चार प्राधिकरण सँग विशेष अनुरोध गरी काम अगाडि बडाइनेछ ।

१०. जनप्रतिनिधि र कर्मचारिहरुको ज्ञान ,सिप र क्षमता विकासका लागि सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित तालिम तथा अभिमुखिकरण तालिम तथा गोष्ठीहरु आयोजना गरिनेछ ।

११. नेपालको संविधानको मौलिक हकहरु अन्तर्गत पर्ने व्यवस्था गरेको सूचनाको हकलाई पुर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ ।

## ५.न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी,जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ पुरा गरी **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

५. सबै गाउँपालिका बासीहरुलाई छीटो छरितो पहुँच योग्य र प्रभावकारी न्याय सेवा प्रबाह गर्ने नीति अवलम्बन गरिनेछ

६. मेलमिलाप तथा बहुसरोकारवाला द्धन्द्ध रुपान्तरणका लागि मेलमिलाप कर्ता र न्यायिक समितिको क्षमता विकास कार्यक्रम लागु गरिनेछ ।

७. न्यायिक समिति तथा अन्तर्गत दर्ता भएका विवादहरुको मेलमिलापको माध्यामबाट मिलापन गराउन सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र गठन गरी संचालनमा ल्याइनेछ ।

## ६. सुशासन तथा क्षमता विकास एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (

CGR App) तयार गरी लागु गरिनेछ र गुनासो व्यवस्थापन तथा सेवा सम्बन्धी जिज्ञासा सुन्नका लागि टोल फ्रि नम्बरको व्यवस्था गरिनेछ ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकि बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने गराउने कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न वेरुजु फर्छ्यौट कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका कार्यालयको सूचनापाटि, डिजिटज बोर्ड तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।

८. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “तुर्माखाँद गाउँपालिका” नामक मोबाइल एप्स निर्माण गरी वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई अवलम्बन गरिनेछ ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन मुख्य कार्यालय र सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१३. सार्वजनिक खर्चलाई वैज्ञानिक, अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्यको नीति तर्जुमा गरिनेछ।

१५. गाउँपालिकाको आन्तरिक आय वृद्धी गर्न राजस्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

१६. तुर्माखाँद गाउँपालिकाको केन्द्रमा सर्भर प्रणालीको स्थापना गरी सबै वडा तथा स्वास्थ्य चौकीका कामहरुको प्रत्येक दिनको रिपोट तयार गरिनेछ ।

१७. तुर्माखाँद गाउँपालिका जनप्रतिनिधिहरु तथा शाखाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिमको ब्यबस्था गरिनेछ ।

१८. तुर्माखाँद गाउँपालिकामा विद्युतिय हाजिरी र सिसि टिभिको जडान तथा सबै वडाबाट योजना व्यवस्थापन प्रणाली, राजश्व व्यवस्थापन प्रणाली आदिको प्रयोग गरी वडा कार्यलयबाट सेवा सुचारु गरिनेछ ।

१९. सूचना प्रविधि केन्द्र तथा अभिलेख केन्द्रको स्थापन गरी थप सूचनाहरुको पारर्दशिता तथा अभिलेखको व्यस्थापन गरिनेछ ।

२०. गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहेका सरकारी / गैरसरकारी संघसंस्थाहलाई कानून बमोजिम नियमन गरिनेछ ।

२१. सार्वजनिक खरिद नियमावली तयार गरी लागु गरिनेछ ।

२२. गाउँ कार्यपलिकाको कार्यालयमा सोधपुछ कक्ष, दर्ता चलानी, गुनासो तथा सुझाव पेटिकालाई व्यवस्थित गरिनेछ। नगरिक वडापत्र कार्यान्वयन समिति र गुनासो सुनुवाइ समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ ।

२३. गाउँपालिकाका अन्तर्गतका वडा कार्यालयबाट उत्कृष्ट सेवा प्रवाह गर्ने, योजनाको गुणस्तर र पारदर्शिता कायम गर्ने वडा कार्यालयलाई आगामी आ. ब. मा थप ५ लाख रकम बिनियोजन गरिनेछ ।

२४. इन्धनको प्रयोग, दैनिक भ्रमण भत्ता तथा सवारी साधनको दुरुपयोग नियन्त्रण गरिनेछ ।

२५. सेवा प्रवाह जवाफदेहिता अपनाउनुका साथै शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

२६. आगामि आर्थिक वर्षको प्रथम त्रैमासिक देखि सामाजिक सुरक्षा भत्ता अनिवार्य बैकिङ्क प्रणालि मार्फत भुक्तानी दिने व्यवस्था गरिनेछ ।

२७. कानून बमोजिम आवश्यक्ता र कार्य सम्पादन मूल्याङ्कन बमोजिम कर्मचारी थपघट गरिनेछ।

२८. कानून बमोजिम उपभोक्ता समूह र संघरसंस्था तथा समितिलाइ दर्ता गरी नियमन गरिनेछ।

२९. स्थानिय सेवाका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनका आधारमा प्रोत्साहन एवं दण्ड तथा पुरस्कारको नीति लिइनेछ।

## ७.वन,वातावारण,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन, वन तथा वातावरणको संरक्षण गरी जल जमीनको समुचित प्रयोग गरी जनताको जीविकोपार्जनमा सुधार ल्याईनेछ ।

२. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

३. भू-सूचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरी लागु गरिनेछ ।

४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

५. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

६. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै श्रोतको प्रभावकारी रुपमा परिचालन गरिनेछ।

७. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थानका कार्यक्रमहरु संचालन गरिनेछ।

८. संवेदनशिल जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

९. सामुदायिक, कबुलियती र नीजि वन क्षेत्रको अभिलेखीकरण सञ्चालन, नियमन, दीगो व्यवस्थापन तथा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१०. बाँझो जग्गालाई व्यवस्थापन गर्न टिमुर, अम्लिसो, ओखर लगायत फलफुल खेती प्रर्वद्धन मार्फत नीजि वन विकास रणनीति अपनाइनेछ ।

११. प्राकृतिक स्रोत साधनको उपयोग गर्न गराउन वन नदी तथा खोलाजन्य क्षेत्रमा गिट्टी ढुङ्गा तथा बालुवाको उत्खनन तथा प्रयोजनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गराई ठेक्का सम्झौताका माध्यमवाट प्राकृति स्रोतको प्रयोगलाई नियन्त्रण गरी आन्तरिक आयस्रोतमा वृद्धि गरिनेछ ।

१२. विपद् व्यवस्थापन कोष सञ्चालन गरी प्राकृतिक विपद् न्यूनिकरण गर्न राहत, पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाइनेछ । गाउँपालिका भित्र ठुला आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र कार्य सञ्चालन गरिनेछ ।

१३. बाढी तथा पहिरोको पूर्व सूचना प्रणालीको व्यवस्थापन गरानेछ ।

१४. आवश्यक सामग्री सहित आपतकालिन उद्धार केन्द्र वडा तहमा समेत स्थापना गरिनेछ । स्थानीय विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन इकाइको समेत व्यवस्था गरिनेछ।

## ८.खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल उपयोग गुरुयोजनालाई अद्यावधिक गरी कार्न्वयन गरिनेछ ।

५. शुन्य फोहोर प्रणाली सरसफाई केन्द्र मार्फत आधुनिक प्रविधि अपनाई वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) निर्माण गरी प्रयोग गरिनेछ ।

६. अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

८. “एक घर एक धारा” नीति अनुरुप शतप्रतिशत जनतालाई शुद्ध खानेपानी आपुर्ति गरिने छ । बजारक्षेत्रका अव्यवस्थित नाली तथा खानेपानीका लाईनहरुलाई भुमिगत गरी सञ्चालन गरिनेछ।

९. वास इकाइलाई खानेपानी तथा स्वच्छता शाखाको रुपमा स्थापना गरिनेछ । सार्वजनिक स्थानमा वास सुविधा सहित शौचालयको व्यवस्थापन गरिनेछ ।

१०. दीर्घकालिन खानेपानी आपूर्ति प्रणाली र फोहोर मैला व्यवस्थापनको गुरु योजना तयार गरी कार्यान्वयन गरिने छ ।

११. मुहान संरक्षणका लागि मुहान वरपर वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ र पानीको स्रोत घट्न नदिन रिचार्ज पोखरी निर्माण गरिनेछ ।
१२. खानेपानी आयोजनाको दीगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष तथा कर्मचारीको व्यवस्था गरिनेछ ।
१३. सुरक्षित स्थानमा डम्पिङ क्षेत्र बनाइ फोहोरमैलाको व्यवस्थापन गरिनेछ र फोहोरको वर्गिकरण गरी समुदायको सहभागितामा फोहोरलाई मोहर बनाउने नीति अनुरुप कम्पोष्ट मल उत्पादन गरिनेछ ।
१४. “अध्यक्ष स्वच्छता हातधुने स्टेसन” अभियान सञ्चालन गरिनेछ।
१५. वास क्षेत्रको सूचना प्रणाली अद्यावधिक गरी पालिकाको सूचना प्रणालीलाई राष्ट्रिय स्तरमा समावेश गर्न पालिकाहरुको (NWASH प्रणालीबाट तथ्यांक संकलन गरी वास प्लान WASH Unit तर्जुमा गरिनेछ । वास प्लानमा तय भएको प्राथमिकताको आधारमा प्रदेश एवम् संघ स्तर तथा अन्य दातृ निकायहरुसंग समन्वय गरी क्रमशः खानेपानी तथा सरसफाइ क्षेत्रको समस्या समाधान गर्दै लगिनेछ ।
१६. योजनाको सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि वास बोर्ड ( WASH-Board) तथा वास यूनिट Wash Unit लाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । बार्षिक रुपमा सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि आवश्यक बजेट विनियोजन गरी योजनाहरुको मूल्यांकनको आधारमा सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
१७. विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता प्रर्वद्धन गरी पालिकाका सबै विद्यालयहरुलाई तीन तारा ( 3 Star Model School) प्रर्वद्धन गर्ने कार्यलाई योजनावद्ध रुपमा लागु गरिनेछ।
१८. महिनावारी स्वच्छता व्यवस्थापनको लागि वास युनिट (WASH UNIT) मार्फत जनचेतना अभिवृद्धि गरिनेछ।
१९. कर्णाली जल परियोजना लगायत खानेपानी तथा सरसफाई, जैविक विविधता, जलाधार क्षेत्रका लागि लागत साझेदारीमा कार्यक्रम संचालन गर्न समपुरक कोषको व्यवस्था गरिनेछ। पानीको स्रोत अभाव रहेका वस्ती टोलहरुमा वैकल्पिक उर्जा विद्युतिय माध्यम प्रयोग गरी लिफ्ट सिचाइ, खानेपानीको व्यवस्था गरिनेछ ।
२०. गाउँपालिकामा गठन भएका खानेपानी उपभोक्ता समितिको संञ्जालको क्षमता विकासका क्रियाकलापका साथै सञ्जालमा आवद्ध नभएका खानेपानी योजनाहरुलाइ दर्ता गरी विवरण अद्यावधिक गरिनेछ ।
२१. तुर्माखाँद गाउँपालिकाको दिगो फोहोर व्यवस्थापनको नीति लिईनेछ ।

## ९.भौतिक पूर्वाधार विकास , शहरी योजना, वस्ती विकास, आवास तथा पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
३. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

५. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
६. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
७. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।
८. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
९. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
१०. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।
११. "एक वडा-एक पार्क र एक वडा-एक खेलमैदान " निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

**क)सडक तथा यातायात**

१. तुर्माखाँद गाउँपालिकाको केन्द्रमा यातायात पार्किङ्ग स्थलको निमार्णका लागि पहल गरिनेछ ।
२. गाउँपालिकाको केन्द्रदेखि १ नं. वडा रहफमा सडक सञ्जाल जोडि अन्य सबै वडा कार्यालय पुग्ने सडकलाई स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।
३. कमलबजार-जंङ्गलघाट,तुर्माखाँद-रहफ,पुनेपाटा—बेलखेत,बेलखेत-रहफ,रहफ-नाडा-बेतान कर्णाली,तुर्माखाँद-बाँसकाँडा—बबुरखाल-कुनिगडा सडकलाई गाउँपालिकाको गौरवको योजनाको रुपमा विकास गरिनेछ र सडक छेउमा बायो इन्जिनियरिङ्ग प्रविधिका साथै बृक्षारोपण गरिनेछ।
४. गाउँपालिका भित्रका सडकहरुको अधिकार क्षेत्रतोकी सडकको अधिकार क्षेत्र भित्र अनधिकृत रुपमा संरचना निमार्ण कार्यमा रोक लगाइनेछ।
५. सडक निर्माण सम्बन्धि मापदण्ड तजुर्मा गरी विद्यमान तथा नयाँ निर्माण हुने सडकहरुलाइ वातावरण मैत्री बनाइनेछ।
६. सबै वडा कार्यलयका केन्द्र सम्म जोड्ने सहायक सडकहरु आवश्यकताका आधारमा विस्तार तथा स्तरोन्नती गरिनेछ ।
७. पालिका भित्र रहेका जङ्गलघाट, तल्लो डुङ्गेश्वर, लामादुवाला र कुनिगडामा पक्कि पुल निर्माणका लागि आवश्यक पहल गर्नुका साथै अन्य झोलुङ्गे पुलहरुको लगत अध्यावधिक गरी सोको रेखदेख तथा मर्मत सम्भार, आवश्यक स्थानमा नयाँ झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

**ख) भवन सहिंता र घर नक्सा पास सम्बन्धी नीति**

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
२. आगामि पाँच वर्ष भित्र सम्पूर्ण वडामा वडा कार्यालय भवन र स्वास्थ्य चौकि भवन निर्माण सम्पन्न गरिनेछ।साथै यसै बर्ष कम्तिमा २ वटा वडा कार्यालय भवनको सुरुवात गरिनेछ ।

३. बहु विपद जोखिम नक्साङ्कन र राष्ट्रिय भवन संहिता अनुरुप घर नक्सा पासका लागि योजना तथा भवन मापदण्ड तयारी र कार्यान्वयन गराइनेछ ।
४. बसाईसराईलाई न्युनिकरण गर्न एकीकृत तथा नमुना वस्ती विकास कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
५. विपन्न दलित र पछाडि पारिएका समुदायका लागि सुरक्षित नागरिक आवास तथा भवन आचारसंहिता तथा मापदण्ड बमोजिम नक्शा पास गरी घर निर्माण ईजाजत दिने कार्यको थालनी गरिनेछ ।
६. जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गराइनेछ ।
७. सम्पूर्ण घरधुरीको संख्या गणना गरी घर नम्बर कायम गरिनेछ ।
८. सबै विद्यालयहरुलाई टिनको छाना मुक्त गरी पक्कि भवन निर्माण गर्ने लक्ष्य लिइनेछ ।

**ग) सहरी विकास, आवास तथा भूमी व्यवस्थापन**

१. भू-उपयोग सम्बन्धी आवश्यक ऐन निर्माण गरी कार्यान्वयन गराइनेछ ।
२. **``भू-उपयोग क्षेत्रः २०८० भित्र'** भन्ने मुल नाराका साथ स्थानिय तहमा रहेको कित्ता काट सम्बन्धि समस्या समाधानका लागी स्थानिय तहमा भू-उपयोग क्षेत्र वर्गिकरण समिति गठन गरि भू-उपयोग क्षेत्र वर्गिकरण गरिने छ ।
३. **``स्थानिय सरकारमा अमिनको सात : लालपुर्जा हात-हात''** भन्ने मूल नाराका साथ विगत द्धन्द्धका क्रममा जग्गाधनी प्रमाण पुर्जा नस्ट भई विषेश नापीमा समेत जग्गा दर्ता हुन छुट भएका जग्गाहरुको जग्गा धनी प्रमाण पुर्जा मालपोत कार्यालय अछाम र नापि कार्यालय अछामसँग समन्वय र सहकार्य गरि पूर्जा वितरण गरिने छ ।
४. मालपोत कार्यालय अछाम र नापि कार्यालय अछामसँगको समन्वयमा सरकारी एवं सार्वजनिक जग्गाको ब्यवस्थित अभिलेखिकरण तथा लगत कट्टा सम्बन्धी कार्य गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
५. फिल्ड रेखाङ्कनको लागी आवश्यक पर्ने ब्लु प्रिन्ट नक्शा स्थानिय तहमै उपलब्ध गराउन नापि कार्यालय अछामसँग समन्वय र सहकार्य गरिने छ ।

## १०. विद्युतीकरण तथा दुर सञ्चार सम्बन्धी नीतिः

१. **"जनतासँग अध्यक्षको साथ : उज्यालो तुर्माखाँद "**आ.व.२०८०/०८१ मा सबै वडा कार्यालय, स्वास्थ्य संस्थामा विद्युत् लाइनको विस्तार गरिने छ।
२. पाँच वर्ष भित्रमा सबै घरवस्तीमा विद्युत् विस्तारका लागि आधार तयार गरिनेछ । पालिकामा नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्र स्थापनाका लागि पहल गरी विद्युत् सेवालाई पहुँचयोग्य बनाइनेछ ।
३. नेपाल टेलिकमसँगको सहकार्यमा सबै ठाउँमा भरपर्दो र पूर्ण क्षमताको सञ्चार सेवाको लागि आवश्यक ठाउँमा नेपाल टेलिकमको रिपिटर टावर स्थापनाकालागि पहल गरिनेछ ।
४. पालिकामा सुचनाको सहज सम्प्रेषण र प्रकाशनका लागि साझा सहकारीमा सञ्चालित एक एफ.एम. रेडियो स्थापनाको सम्भाव्यता अध्ययनका लागि पहल गरिनेछ ।
५. नागरिकका गुनासो सुनुवाइका लागि कार्यालय समयमा फोन गर्दा पैसा नलाग्ने एक टोल फ्री मोबाइल सेवा सञ्चालनमा ल्याइने छ ।

## ११.जलस्रोत तथा सिचाइँ सम्बन्धि नीति

१. एकिकृत जलाधार क्षेत्र संरक्षण योजना, बृक्षारोपण एवं ताल तथा पोखरी निर्माण गरिनेछ ।

२. कर्णाली नदीको तटीय क्षेत्रमा रहेका रानीबन, भैरवस्थान, भुलू, रहफ तुर्माखाँद, नाडाका कृषि योग्य जमिनहरुमा कर्णाली नदिको पानी लिफ्ट प्रविधिद्वारा सिचाइँ सुविधाको व्यवस्था गरिनेछ।

३. साना तथा ठुला खोलाको पानीमा पक्की कुलो बनाइ खेती योग्य भूमिमा सिचाइँको व्यवस्था गरिनेछ।

४. पानीका स्रोत नभएका खेतीयोग्य जमिनमा वर्षातको पानी जम्मा गर्ने पक्की सिचाइँ पोखरी निर्माण गराइनेछ ।

## १२.राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

## १३ सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्वन्धि निति

१. नेपाल सरकारको आ.ब. ०८०/०८१ को बार्षिक निति तथा कार्यक्रममा समेत प्रस्तुत भएको नेपाल सरकारले शसर्त अनुदान स्वरुप मासिक रुपमा वितरण गर्ने सामाजिक सुरक्षा भत्तालाई थप प्रभावकारी तथा विश्वसनिय बनाई वितरण प्रणालीलाई पुर्ण रुपमा बिद्युतिय प्रणाली मार्फत भुक्तानिको ब्यबस्था मिलाईने छ ।

२. सामाजिक सुरक्षा भत्ता विवरण कार्यलाई विश्वसनिय बनाउन आगामि आ.व. ०८०।०८१ को प्रथम त्रैमासिकबाट प्रत्येक लाभग्राहीको ब्यक्तिगत खातामा सामाजिक सुरक्षा भत्ता वाफतको रकम जम्मा गरी बैंक खाता मार्फत भुक्तानीको प्रबन्ध मिलाईने छ ।

३. पञ्जीकरण अन्तर्गत हुने सबै खालका ब्यक्तिगत घटना दर्ताका कार्यहरु चालु आर्थिक बर्षमा तुर्माखाँद गाउँपालिकाका सबै वडाबाट नेपाल सरकारको निति अनुरुप अनलाईन प्रणाली मार्फत संचालन गरि निरन्तरता दिईदै आएको कुरा सर्ब बिबितै छ। सो कार्यलाई थप प्रभावकारी तथा गुणस्तरिय बनाई सेवा प्रवाहलाई थप विश्वसनिय बनाउन आबश्यक तालिम, गोष्ठि, घुम्ति शिबिर तथा अन्य क्रियाकलापहरु संचालनमा ल्याईने छ।

तुर्माखाँद गाउँपालिका

४. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी वनाउन सम्झौता भएको बैंक संग आबश्यक समन्वय, सहकार्य र दुई पक्षिय तालिम गोष्ठि तथा बाल पोषण भत्ता अभिभाबक नागरिक सचेतना कार्यक्रम तथा अन्तर्क्रियात्मक कार्यक्रमहरु संचालन गरी भत्ता वितरण प्रक्रियामा थप सहजता कायम गर्न आबश्यक कार्यक्रमहरु कार्यन्वयनमा ल्याईने छ ।

*अन्त्यमा गाउँपालिकाको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी,शिक्षक,बुद्धिजिवी,नागरिक समाज, व्यापारी, यूवा, विद्यार्थि, किसान मजदुर, सामुदायिक क्षेत्र, निजी तथा सहकारी क्षेत्र,सञ्चारकर्मी, लगायत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापनगर्दछु ।*

***धन्यवाद !!!***

तुम्बेवाद गाँउपालिका